रंगेली नगरपालिका

१ नं. प्रदेश, मोरङ

# रंगेली नगरपालिकाको राजपत्र

## रंगेली नगरपालिकाबाट प्रकाशित

खण्ड : ५   संख्या : ३ मिति : २०७८/१०/११

**भाग-२**

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# रंगेली नगरपालिकाको साना सवारी दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७८

प्रस्ताबना :

रंगेली नगरपालिका क्षेत्र भित्र बसपार्क व्यवस्थापन, पार्किङ्ग, सवारी, ढुवानी, विद्युतीय रिक्सा, अटो रिक्साको अनुमति संख्या, रुट तथा भाडा दर निर्धारण र नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रवद्र्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो, विश्वसनीय र व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ४(ट) तथा प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम ४ बमोजिम रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम “रंगेली नगरपालिकाको साना सवारी दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८” रहेको छ।

२) यो कार्यविधि तुरून्त लागू हुनेछ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

क) **“नगरपालिका”** भन्नाले रंगेली नगरपालिकालाई बुझाउने छ।

ख) **“ट्राफिक व्यवस्थापन”** भन्नाले सबै प्रकारका सवारी साधन सञ्चालन, नियमन र नियन्त्रण समेतलाई बुझाउने छ।

ग) **“सवारी साधन”** भन्नाले २ पांग्रे, ३ पांग्रे, ४ पांग्रे वा सो भन्दा माथिका सवारी साधन, हलुका सवारी साधन, बढी भारवहन क्षमता भएका मालबाहक र निर्माण सम्बन्धी पूर्वाधारयन्त्र उपकरण समेतलाई जनाउने छ।

घ) **“ढुवानी साधन”** भन्नाले मालवाहक, हलुका र भारी सवै प्रकारका सवारीलाई जनाउने छ।

ङ) **“तोकिएको”** भन्नाले यातायात व्यवस्थापन सम्बन्धी कामकाज गर्न नगरपालिकाले तोकेको वा नगर कार्यपालिकाले तोकेको यस कार्यविधिसँग सम्बन्धित कर्मचारीलाई जनाउनेछ।

च) **“हम्स्”** भन्नाले सडकको बीचमा सवारी गति नियन्त्रण गर्न निर्माण गरिएको अवरोधलाई जनाउनेछ।

छ) **“आचार संहिता”** भन्नाले यस कार्यविधिमा उल्लेख भएको आचार संहितालाई जनाउनेछ।

ज) **“विद्युतीय सवारी”** भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नवीकरणीय उर्जाबाट चल्ने सवारीलाई जनाउने छ।

झ) **“ठेला वा रिक्सा”** भन्नाले मानव श्रम प्रयोग गरी संचालन गरिने बिना इन्जिनका ढुवानी तथा सवारी साधनलाई जनाउने छ।

**ञ) "स्वचालित ठेला वा रिक्सा"** भन्नाले मेकानिकल वा अन्य औजार प्रयोग गरि मानव श्रम बिना मेकानिकल औजारको सहायताले चल्ने ढुवानी प्रयोजनका लागि संचालित तीन प्राङ्ग्रे सवारी साधनलाई जनाउँदछ।

ट) **“जेब्रा क्रस”** भन्नाले सुरक्षित सडक प्रयोगकालागि सडकमा निर्धारण गरेको सडक वारपार गर्न लगाइएको चिन्हलाई जनाउने छ।

ठ) **“यात्री”** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्तिलाई जनाउनेछ।

ड) **“मालसामान”** भन्नाले मानिस बाहेक सार्वजनिक ढुवानी सवारीमा ओसार पसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु जनाउने छ।

ढ) **“यात्रु बाहक सवारी”** भन्नाले यात्रीहरूलाई यातायात सेवाप्रदान गर्ने सार्वजनिक सवारीलाई जनाउने छ।

ण) **“माल बाहक सवारी”** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने ढुवानी सवारीलाई जनाउने छ।

त) **“दर्ताको प्रमाणपत्र”** भन्नाले सम्बन्धित निकायबाट सवारीर्ता दगरी दिइएको सवारी दर्ता प्रमाण– पत्रलाई जनाउने छ।

ध) **“चालक”** भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्तिलाई जनाउने छ।

द) **“चालक अनुमति पत्र”** अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमति पत्रलाई जनाउने छ।

ध) **“सार्वजनिक स्थान”** भन्नाले सार्वजनिक सडक, पेटी, , गल्लीनदी, पुल, बाटो, खुल्ला चौरी, मैदानलाई जनाउने छ।

न) **“पार्किङ्ग स्थल”** भन्नाले सवारी अड्याउने निर्धारित ठाउँलाई जनाउने छ।

प) **“बस बिसौनी”** भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँलाई सम्झनुपर्छ।

फ) **“ट्राफिक सङ्केत”** भन्नाले प्रचलित कानून बमोजिम सवारी चालकले पालना गर्नुपर्ने सूचना, सङ्केत, ईशारालाई जनाउने छ।

ब) **“प्रदूषण”** भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषणलाई जनाउने छ।

## परिच्छेद–२

## पार्किङ र सडक संरक्षण

३. **पार्किङको व्यवस्था :** १) रंगेली नगरपालिकाक्षेत्र भित्र रहेका बसपार्क, राजमार्गख्य र मुख्य सडकहरु लगायत मुख्य चोक, हाटबजार लाग्ने ठाँउ र सर्वसाधारणहरुको भिडभाड हुने स्थानमा सवारी साधनहरुलाई व्यवस्थित रुपले पार्किङ गर्न गराउनका लागि उपयुक्त स्थानको खोजी गरी नगरपालिकाले पार्किङ क्षेत्र तोक्न सक्नेछ र नगरपालिकाले तोकेको स्थानमा मात्र पार्किङ गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिमको कार्य गर्न नगरपालिकाले योजना बनाई नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिमको योजना उपर आवश्कतानुसार अध्ययन गरी कार्यपालिकाले स्वीकृत गरेर कार्यान्वयनका लागि अनुमति प्रदान गर्नेछ।

४) सरकारी एवं गैर-सरकारी कार्यालय, संघ सस्था, अस्पताल,बैंक, होटल, ब्यापारिक महलहरुले आफ्ना ग्राहकलाई ध्यानमा राखी पार्किङ एवं यात्रु बस्ने व्यवस्था आफैं मिलाउने र सो को जानकारी नगरपालिकालाई गराउनु पर्नेछ।

५) बसपार्क भित्रको हकमा नगरपालिकाले तोकेको ठाउँमा मात्र पार्किङ गर्नुपर्नेछ।

**४. सडक संरक्षण सम्बन्धी व्यवस्था :**१) नगरपालिकाभित्र पूर्वमा सूनवर्षि नगरपालिका, पश्चिममा धनपालथान, कटहरी र ग्रामथान गाउँपालिका, उत्तरमा कानेपोखरी गाउँपालिका र बेलबारी नगरपालिका र दक्षिणमा धनपालथान गाउँपालिका र भारत सिमाना सम्म सडकको क्षेत्राधिकार भित्र कुनै पनि निर्माण सामग्री राख्न, संरचना बनाउन र नगरपालिकाले तोकेको समय भन्दा बढी समय सवारी साधन रोक्न पाइने छैन।

२) आकासे पुल लगायत यातायात आवागमन तथा ट्राफिक व्यवस्थापनमा असर वा अवरोध पुग्ने गरी कुनै प्रकारका प्रचार प्रसार सामग्री, होडिङ बोर्ड टाँस्न वा राख्न पाइने छैन।

३) हुलाकी राजमार्ग क्षेत्रमा अनुमति विना कुनै पनि किसिमका सार्वजनिक व्यक्तिगत वा अन्य प्रयोजनका लागि आयोजना गरिएका सभा समारोह गर्न वा भिडभाड गर्न पाइने छैन।

४) नगर क्षेत्रभित्र सडकको भारवहन क्षमताको आधारमा निश्चित वजन सहितको सवारी साधनलाई आवागमनको लागि अनुमति प्रदान गर्न सकिनेछ।

## परिच्छेद–४

## सवारी साधन प्रवेश सम्बन्धी व्यवस्था

**५. बजार क्षेत्रमा सवारी साधन प्रवेश सम्बन्धी व्यवस्था :** १) नगरपालिकाले बजार क्षेत्र भित्र भारी सवारी तथा ढुवानीका साधनहरु प्रवेश गर्न पाउने समय र सडक तोक्ने छ।

२) निर्माण सामग्री ढुवानी गर्ने सवारीले प्रदूषण नहुने, तथा धुलो नउडने पानी नचुहिने गरी व्यवस्थापन गर्नुपर्नेछ।

३) बजार क्षेत्रभित्रको तोकिएको स्थान र समयमा मात्र मालसामान उठाउन र खसाउन पाइनेछ।

**६. सवारीको गति :** १) नगरपालिकाले सडकको व्यस्तता र सवारीको चाप समेतलाई हेरेर सवारीको गति सीमा तोक्नेछ।

२) सडकमा गति नियन्त्रण गर्न हम्स राख्न पाइने छैन साथै यस अघि निर्माण भएका हम्स सम्बन्धित उपभोक्ताले हटाउनु पर्नेछ र उपभोक्ताले नहटाए नगरपालिका आफैंले हटाउनेछ।

## परिच्छेद–५

## बसपार्क सम्बन्धी व्यवस्था

**७. बसपार्क सम्बन्धी व्यवस्था :** नगरपालिका क्षेत्र भित्र रहेको बसपार्क व्यवस्थापन र संचालन नगरपालिकाले गर्नेछ। नगरपालिकाले बसपार्क व्यवस्थापन सम्बन्धी निम्न काम कारवाहीहरु गर्नेछ :-

१) बसपार्क विकास सम्बन्धी योजना र कार्यक्रम बनाई पेस गर्ने।

२) बसपार्क संचालनमा आवश्यक जनशक्तिको परिचालन, रेखदेख र समन्वय गर्ने।

३) यातायात व्यवस्थापन सम्बन्धी वार्षिक रुपमा प्रतिवेदन बुझाउने ।

५) टिकट काउन्टरलाई ब्यवस्थित गर्ने।

६) बसपार्क सञ्चालनमा आईपर्ने समस्याको समाधानकालागि पहल गर्ने।

७) पार्किङ्ग व्यवस्थापन गर्ने।

८) लेन व्यवस्थापन गर्ने।

९) यात्रु प्रतिक्षालय व्यवस्थापन गर्ने।

१०) विद्युतीय रिक्सा, ठेला,स्वचालित ठेल वा रिक्सा, टेम्पुको व्यवस्थापन गर्ने।

११) विद्युत तथा पिउने पानीको व्यवस्थापन गर्ने।

१२) सुरक्षा प्रवन्ध मिलाउने।

१३) भिडभाड नियन्त्रणमा सहजीकरण गर्ने।

१४) हरियाली प्रवर्धन र फोहोर मैला ब्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद–६
## तीनपाङ्ग्रे तथा अन्य सवारी सम्बन्धी व्यवस्था

**८. संचालन अनुमति लिनु पर्ने :** (१) रंगेली नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, म्यानुअल रिक्सा वा अन्य जुनसुकै किसिमका टेम्पु, ठेला, सवचालित ठेला वा रिक्सा जस्ता साना सावर्जनिक सवारी साधन तथा ढुवानीका साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी रंगेली नगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन।

**९. दर्ता नगरी सवारी संचालन गर्न नपाईने :** १) रंगेली नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, रिक्सा,टेम्पो, ठेला जस्ता सवारी तथा ढुवानीका साधन नगरपालिकामा दर्ता नगरी संचालन गर्न पाईने छैन।

२) प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र आवश्यक पर्ने सवारी साधन चलाउन सम्बन्धित निकायबाट सवारी चालक अनुमतिपत्र लिनुपर्नेछ।

३) नगरपालिकाले सवारी दर्ता गरे पछि निर्धारण गरेको रुटमा सवारी संचालन गर्नुपर्नेछ।

४) अन्य पालिकामा दर्ता भएका विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेला रंगेली नगरपालिकाभित्र संचालन गर्दा तोके बमोजिमको शुल्क बुझाउनु पर्नेछ

५) नगरपालिकाले आवश्यकता अनुसार विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेलाको संख्याहेरी संचालन क्षेत्र निर्धारण गर्नेछ।

**१०. दर्ता प्रक्रिया :** १) आवश्यकता अनुसार विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेला दर्ताका लागि नगरपालिकाले छनौट प्रक्रियाका आधार समेत तोकी १ महिनाको म्याद दिई सूचना प्रकाशित गर्नेछ।

२) सूचना प्रकाशित भएपछि नेपाली नागरिकताको प्रमाण पत्र, बसोवास खुल्ने  प्रमाण, सवारी साधन खरीदको प्रमाण र सवारी चालक अनुमति पत्रको प्रतिलिपि संलग्न राखी नगरपालिकामा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

३) उपदफा (२) बमोजिम पेस भएका निवेदन उपर नगरपालिकाले छानवीन गरी तोकेको संख्या नबढ्ने गरी १५ दिन भित्र अनुसूची २ बमोजिमको दर्ता प्रमाण पत्र उपलब्ध गराउने छ।

४) दर्ता प्रमाण पत्र प्राप्त नहुन्जेलसम्म कार्यविधिको दफा १० को उपदफा १ बमोजिम निवेदन दर्ता हुँदा बुझाएको शुल्कको रसिदलाई नै आधार मानी संचालन गर्न सकिनेछ।

५) दर्ता भएका विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेला तथा स्वचालित ठेला वा रिक्सा नगरपालिकाले तोकेको शुल्क बुझाई नवीकरण गर्नु पर्नेछ।

६) दर्ता, नवीकरण र रुट ईजाजत(पर्मिट) शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

७) भन्सारबाट भएको प्रज्ञापन पत्रसहितको पत्रबमोजिम कम्पनी मार्फत सिटि रिक्सा नयां दर्ता गर्ने।

८) सवारी चालक अनुमति पत्र तथा विमा व्यवस्थापन गर्ने।

९) सामान्यतया प्रदेश यातायात कार्यालयको सरुवा सहमतिको आधारमा तथा दर्ता नविकरण गर्ने प्रकृया रहेकोमा सहमति पेश गर्न नसकिएको औचित्यका आधारमा नगरपालिकाले दर्ता तथा नविकरण गर्न सक्नेछ।

१०) पुरानो दर्ता भईसकेको सिटि रिक्साको चेसिसको फोटो सहितको फाईल अद्यावधिक गरी च्यासिस नम्बर भिडाई नविकरण तथा नामसारी गर्ने।

११) जांचपास तथा रुटको कार्ड बनाई नियमन गर्ने।

१२) सवारीको लगत कट्टा गर्दा च्यासिस नं. काटेर लिने र मात्र गर्ने।

१३) च्यासिस परिवर्तन गर्न सम्बन्धीत कम्पनीलाई इजाजतदिनसकिनेछ। सादा च्यासिसमा पन्चीगं गराउन सकिनेछ।

**११. निवेदन दिनु पर्ने:** (१) दफा १० बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(क) सवारी धनीको नाम थर ठेगाना :

नागरिकता नं.

नागरिकता जारी जिल्ला :

नागरिकताको प्रतिलिपि :

(ख) सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिलविजकः

(ग) सवारीको चेसिस नम्बर :

(घ) सवारी चालक आफै भए चालक अनुमति पत्रको प्रतिलिपि :

(ङ) नेपाल सरकार/ प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र बिल बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेकोभए सो को विवरण र पुष्टि हुने कागजात।

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगर कार्यपालिका कार्यालयले छानबिन गरी १५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ।

**१२. म्यानुअल रिक्सा दर्ता तथा संचालन :** नगर क्षेत्र भित्र म्यानुअल रिक्सा दर्ता तथा सञ्चालन गर्न पाइने छैन। तर बिगतमा दर्ता भएका म्यानुअल रिक्सा नवीकरण र सञ्चालन गर्न भने रोक लगाईने छैन। यस दफा बमोजिम दर्ता भई सञ्चालनमा रहेका रिक्साको फ्रेम, च्यासिस नं. परिर्वतन गर्न पाईने छैन। लगातार २ वर्ष नवीकरण नभएका म्यानुअल रिक्साको दर्ता नवीकरण गरिने छैन।

**१३. नवीकरण प्रक्रिया :** १) प्रत्येक वर्ष साउन मसान्तभित्र तिनपाङ्ग्रे सवारी साधन नवीकरण गर्नु पर्नेछ।

(२) नवीकरणका लागि दिईने निवेदनको ढाँचा अनुसूची १ बमोजिम कै हुनेछ।

(३) यातायात कार्यालयमा दर्ता भएका तिन पाङ्ग्रे सवारी साधनको हकमा चालु आर्थिक वर्षका लागि नगरपालिकाले सूचना प्रकाशित गरेको अवधी भित्र अभिलेख राखी नवीकरण गर्नु पर्नेछ।

**१४. सवारी चालक अनुमति पत्र :** नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र लिएको हुनु पर्नेछ।

**१५. रुट निर्धारण :** यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ।

**१६. संख्या निर्धारणः** (१) नगर क्षेत्र भित्र सञ्चालन हुने विद्युतीय रिक्सा पुकोरटेम् संख्या निर्धारण नगर कार्यपालिकाले गर्नेछ।

(२) नगर कार्यपालिकाले उपदफा १ बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन नगरपालिकाको सिफारिस समेतका आधारमा संख्या निर्धारण गर्नेछ।

(३) उपदफा २ बमोजिम निर्धारण गरिएको संख्या नगर पालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ।

(४) पेट्रोलियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे टेम्पु , स्वचालित ठेला वा रिक्सा दर्ता, रुट इजाजत र संख्याको सम्बन्धमा देहाय बमोजिम हुनेछ।

क. टेम्पु जन्य सवारी साधन तथा स्वचालित ठेला वा रिक्सा दर्ता र रुट इजाजत बढीमा ५०० वटा सम्म सवारी साधनलाई प्रदान गर्न सकिने छ।

ख. टेम्पु जन्य पेट्रोलियम पदार्थबाट चल्ने साना सवारी साधनको संख्याको पुनरावलोकन कम्तीमा २ वर्ष पछि मात्र गरिने छ।

ग. टेम्पु जन्य सवारी साधनको रुट निर्धारण नगर कार्यपालिका कार्यालयले वडा किटान गरी निर्धारण गरे बमोजिम हुनेछ तर त्यसरी रुट निर्धारण गर्दा राजमार्ग सडकमा संचालन हुने गरी रुट निर्धारण गरिने छैन।

घ. यस दफामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएकोमा अन्य दफा बमोजिम लागु हुनेछ।

**१७. आलोपालो तोक्न सक्नेः**(१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा सञ्चालन गर्ने गरी तोक्न सक्नेछ। आलोपालो प्रणाली जोर विजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ।

**१८. बिमा गर्नुपर्ने :** सवारी धनीले प्रचलित कानून बमोजिम सवारी साधन, चालक र यात्रु बिमा गर्नुपर्ने।

**१९. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने आचार संहिता :** यस कार्यविधिमा अन्यत्र उल्लेख भए वाहेक सवारी धनी तथा चालकले पालन गर्नुपर्ने आचार संहिता अनुसूची ३ बमोजिमको प्रमाणमा उल्लेख भए अनुसार हुनेछ।

## परिच्छेद–७
## दण्ड जरिवाना

**२०. दण्ड जरिवाना सम्बन्धी व्यवस्था :** १) यस कार्यविधि बमोजिम दर्ता, नवीकरण र रुट ईजाजत विना सवारी साधन संचालन गरे गराएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा ईजाजत प्राप्त क्षेत्र भन्दा वाहिरसवारी साधन संचालन गरे गराएमा देहाय बमोजिमको जरिवाना र कारवाही हुनेछ।

(क) सवारी साधनको किसिम र कसूरको मात्रा हेरी पहिलो पटक भएमा रु. ३०० सम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमारु.५००।–, सोही कसूर तेस्रो पटक गरेमा रु– १०००जरिवाना। हुनेछ साथै पुन सोही कसूर दोहोरिएमा ईजाजत पत्र खारेज गर्न सकिनेछ।

(ख) खण्ड (क) बमोजिमको जरिवाना गर्ने अधिकार नगर प्रहरी ईन्चार्जलाई हुनेछ सो दण्ड जरिवाना उपर चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ।

(ग) यस कार्यविधिमा तोकिए बमोजिमका शर्त मापदण्ड तथा आचार संहिता पटक पटक उल्लंघन गरेमा वा प्रचलित कानूनले निषेधित गरेका कार्य गरे गराएमा कार्यपालिकाले सवारी संचालन अनुमतिपत्र खारेज गर्न सक्नेछ।

२) तीनपाङ्ग्रे सवारी साधन वाहेक अन्य सवारी साधन संचालन गर्दा यस कार्यविधी उल्लंघन गरेमा प्रचलित कानून बमोजिम जरिवाना र कारवाही हुनेछ।

## परिच्छेद–८
## विविध

**२१. पुरस्कृत गर्ने :** १) नगरपालिका क्षेत्रभित्र यो कार्यविधि र प्रचलित कानूनको पालना गरी सवारी चलाउने उत्कृष्ट सवारी चालकलाई पुरस्कृत गर्न सकिनेछ।

२) उत्कृष्टताको छनौट नगरपालिकाको सिफारिसमा कार्यपालिकाले गर्नेछ।

**२२. अनुगमनको व्यवस्था :** १) नगरपालिका क्षेत्र भित्र संचालन हुने सवारी साधनको यातायात व्यवस्थापन सम्बन्धी अनुगमन नगरपालिकाले गर्नेछ।

२) अनुगमन गर्दा स्थानीय प्रहरी, प्रशासन र सरोकारवालाहरुसँग समन्वय गर्नु पर्नेछ।

**२३. बाधा अड्काउ फुकाउने:** यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा बाधा अड्काउ परेमा नगरपालिकाले निर्णय गरेर त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

**२४. संशोधन तथा परिमार्जन :** नगरपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**२५. खारेजी र बचाउ :** यस कार्यविधि लागु हुनु पुर्व यस कार्यालयमा दर्ता भई संचालनमा रहेका सवारी साधनहरुको हकमा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची १**

**(दफा १५ को उवदफा(२)सँग सम्बन्धित)**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
रंगेली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
रंगेली, मोरङ।

मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्तभएको/झिकाएको निम्न विवरण भएको सवारी शुरु दर्ता गराउनको लागि लाग्ने दस्तुरर चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथै राखी पेश गरेको छु/छौं। उक्त सवारी जाँचगरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाण–पत्र पाउन दरखास्त दिएकोछु/छौं।

१. सवारी खरिद गर्ने(व्यक्ति, फर्म,कम्पनी वा संस्थाको नाम थर :
२. ठेगानाः (क) स्थायी : (ख) अस्थायी :
३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा) :
४. सवारीको किसिम :
५. सवारी बनाउने कम्पनीको नाम :
६. सवारीको मोडल नं.(निर्माणभएकोसाल) :
७. सिलिण्डर संख्याः
८. हर्षपावर सि.सि. :
९. इन्जिन नं.:
१०. सवारीको चेसिस नं.:
११. सवारीकोरङ : (क) बडीकोरङ : (ख) सिट संख्याः
१२. प्रयोग गर्ने इन्धनको किसिम :
१३. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि) :
१४. सवारीको वजन क्षमता : (क) कुल वजन : (ख) भारवहन क्षमता : (ग) सिट संख्याः
१५. प्रयोगः
१६. चलाउनेक्षेत्रः
१७. भन्सार तिरेको निस्सा : (क) भन्सार कार्यालयको नाम : (ख) प्रज्ञापन–पत्र नं.: (ग) रसिद नं.: (घ) मिति :
१८. प्रवेश दर्ता प्रमाण–पत्रको निस्सा : (क) प्रवेश–पत्र दिने प्रहरी कार्यालयको नाम :
(ख) प्रवेश–पत्र दिएको मिति :
(ग) प्रवेश–पत्र नं.:
१९. झिकाउने इजाजत पाएको निस्सा : (क) निस्सा दिने कार्यालयः
(ख) निस्सा प्रमाण–पत्रनं.:
(ग) मिति :
२१. अन्य प्रमाणको विवरण :

लेखिएको व्यहोरा ठीक साँचोहो, झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।
दरखास्तावालाको सही :
नाम थर :
ठेगाना :
मिति :

कार्यालय प्रयोजनको लागि

सवारी निरीक्षकको व्यहोरा : प्रदान गरिएको दर्ता नं. :
दर्ता मिति :
माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश
निरीक्षण गर्ने प्राविधिकको सही फाँटवालाको सही दर्ता गर्ने अधिकारी सही

## अनुसूची २
### (दफा १५ को(३) सँग सम्बन्धित)

**प्रमाण–पत्र नविकरण**

सवारी नं.........................

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकृतको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**सवारी जाँचेको**

सवारी नं.........................

| जाँचेको मिति | म्याद पुग्ने मिति | जाँच्ने अधिकृतको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**कैफियत**

रंगेली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

रंगेली, मोरङ

प्रदेश नं. १ नेपाल

**सवारी दर्ता प्रमाण-पत्र**

रंगेली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

रंगेली, मोरङ

**नोट** :- यो प्रमाण–पत्र हराई कसैले भेट्टाएमा रंगेली नगरपालिका वा नजिकको प्रहरी कार्यालयमा बुझाइ दिनु हुन अनुरोध छ।

(सवारीधनीको फोटो)

नाम थर :–

वतन :–

विस्तृत विवरण :–

मिति :–

दर्ता गर्ने अधिकारीको हस्ताक्षर

नामसारी भएको

मिति.............................

(सवारीधनीको फोटो)

नाम थर :–

वतन :–

विस्तृत विवरण :–

| सवारीधनीको दस्तखत | पेश गर्नेको दस्तखत | नामसारी गर्ने अधिकृतको दस्तखत |
|---|---|---|

| सवारीको विस्तृत विवरण |
|---|
| १. कम्पनीको नाम: |
| २. सवारीको मोडल: |
| ३. बनेको साल: |
| ४. सिलिण्डर संख्या: |
| ५. हर्ष पावर/सि.सि.: |
| ६. च्यासिस नम्बर: |
| ७. इन्जिन नम्बर: |
| ८. सवारीको रङ: |
| ९. चालक सहितको सिट क्षमता: |
| १०. पेट्रोल/डिजेल: |
| ११. रेडियो छ/छैन: |
| १२. खरिद भई आएको मानिस वा कम्पनी: |
| १३. प्रयोग: |
| १४.चलाउने इलाका: |
| १५. भन्सारको निस्सा: |

**अनुसूची–३ (दफा २१ सँग सम्बन्धित)**

सवारी साधन संचालन गर्दा पालना गर्नुपर्ने शर्त तथा आचार संहिता

१. सवारी चालकले अनिवार्य रुपले परिचय पत्र र तोकिएकाड्रेस लगाउनु  पर्नेछ।

२. ईजाजत पाएको क्षेत्रबाहेक अन्य क्षेत्रमा सवारी साधन सञ्चालन गर्न पाइने छैन।

३. दर्ता तथा नवीकरण नगरी सवारी साधन सञ्चालन गर्न पाइने छैन।

४. मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन।

५. यात्रुसँग मर्यादित व्यवहारगर्नु पर्नेछ।

६. तोकिएभन्दा वढी भाडा लिन पाईने छैन।

७. सवारी साधनमा भाडा दर अनिवार्य रुपले टास गरेको हुनु पर्नेछ।

८. कानूनले निषेध गरेका सामग्रीहरु ओसार पसार गर्न पाईने छैन।

९. प्रचलित सवारी साधन सम्बन्धी कानूनको पूर्ण रुपले पालना गर्नु पर्नेछ।

आज्ञाले,

नबराज कार्की

प्रमुख प्रशासकीय अधिकृत